२५ जेठ २०६४ (८ जुन २००७)

# "अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान १९९८ र यातना सम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धिको ऐच्छिक आलेख २००२ को अनुमोदन"
## विषयक सार्वजनिकसभा तथा जनप्रदर्शन

प्रतिवेदन

## १. पृष्ठभूमि

देशमा बढ्दो यातना लगायतका गम्भीर किसिमका मानव अधिकार तथा मानवीय कानुनहरुको उल्लंघन दिनप्रतिदिन बढिरहेको अवस्था छ । नेपालमा व्याप्त दण्डहीनतालाई नियन्त्रण गर्न ढिलो भइसकेको छ । यस परिप्रेक्ष्यमा सरकार लगायत राज्य संयन्त्रलाई दण्डहीनता नियन्त्रणका लागि थुप्रै जनदवावमूलक कार्यहरु सम्पन्न भएका पनि हुन् । तर, राज्य संयन्त्रको ध्यान पर्याप्त रुपमा यस विषयप्रति खिच्न सकिएको छैन ।

दण्डहीनता विरुद्धको संघर्षका लागि अन्तर्राष्ट्रिय औजारको रुपमा विकसित अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान र यातना सम्बन्धी महासन्धिको ऐच्छिक आलेख सन् २००२ अन्तर्राष्ट्रिय समुदायमा स्थापित भइसकेका छन् । यी अन्तर्राष्ट्रिय कानुनी संयन्त्रहरु दण्डहीनताको अन्त्यका लागि महत्वपूर्ण आधार बनेका छन् ।

दण्डहीनता नियन्त्रणका लागि महत्वपूर्ण सावित रहेका अन्तर्राष्ट्रिय दस्तावेजहरु मध्येका अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान र यातना सम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धिको ऐच्छिक आलेखको अनुमोदन एकमात्र उपाय र कोषे ढुङ्गा साबित हुने कुरालाई मनन् गर्दै आम साझेदारहरुसँग छलफल, परामर्श, सार्वजनिक सभा तथा लविङ्ग र जनदवावका माध्यमबाट सरकार र सदनलाई उल्लेखित अन्तर्राष्ट्रिय कानुनहरुको पक्षराष्ट्र बन्न पर्याप्त दवाव सिर्जना गर्न आवश्यक ठानी यो सार्वजनिक सभा (Public Meeting cum Lobbying) गरिएको हो ।

## २. उद्देश्य

- अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान १९९८ र यातनासम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धि १९८४ को ऐच्छिक आलेख २००२ को अनुमोदन गर्न ध्यान आकर्षण गर्नु,
- सरकार र संसद्लाई उल्लेखित अन्तर्राष्ट्रिय कानुनहरुको अनुमोदनका लागि लविङ्ग, दवाव लगायतका कार्यक्रमका लागि solidarity कायम गर्नु ।

## ३. सहभागिता

उक्त कार्यक्रममा राजनीतिक दलका प्रतिनिधिहरु तथा तिनका भातृ संगठनहरु, अन्तरिम व्यवस्थापिका संसद्का माननीय सदस्यहरु, राष्ट्रिय मानव अधिकार आयोगका पूर्व सदस्यहरु, नागरिक आन्दोलनका अग्रजहरु, महिला आन्दोलन नेत्रीहरु, कानुन व्यावसायीहरु, विभिन्न संघसंस्थाका प्रतिनिधिहरु, विभिन्न मानव अधिकारवादी संघसंस्थाका प्रतिनिधिहरु, पीडितहरु,लगायत पत्रकारहरुको वृहत् सहभागिता रहेको थियो ।

## ४. कार्यक्रमको निष्कर्ष

- मानव अधिकारको संरक्षण र सम्बर्द्धनका लागि रोम विधान र यातना सम्बन्धी महासन्धिको ऐच्छिक आलेख अनुमोदन तत्काल हुनुपर्छ ।
- यस्ता मुद्दाहरुमा खासगरी मानव अधिकारवादीहरुले सामुहिक रुपमा दवाव श्रृजना गर्नुपर्छ ।
- दण्डहीनता अन्त्यका लागि रोम विधान र यातना सम्बन्धी महासन्धिको ऐच्छिक आलेख एक अर्काका पुरक हुन भन्ने मान्यता प्राप्त गऱ्यो ।
- दण्डहीनता अन्त्यका लागि राजनैतिक प्रतिवद्धता आवश्यक हुने हुँदा राजनैतिक पार्टीहरुलाई नै दवाव दिनुपर्छ ।
- रोम विधान र यातना सम्बन्धी महासन्धिको ऐच्छिक आलेखका बारेमा आम नागरिकलाई सुसूचित गराउनु पर्छ ।
- नयाँ नेपालको निर्माण दण्डहीनताको अन्त्यबाट मात्र सम्भव छ ।

- अपराधीमाथि कारवाही गरेमात्र न्याय प्राप्तिको अनुभूति हुनेछ ।
- अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान अनुमोदनका लागि सरकार लगायत सम्बन्धित निकायलाई प्रभावकारी दवावको महसुस गरी साप्ताहिक कार्यक्रम तर्जुमा गरी घोषणा समेत गर्‍यो ।
- रोम विधान र यातना सम्बन्धी महासन्धिको सम्मिलन गर्न-गराउन सरकार, सांसद् तथा पार्टीका शीर्ष नेताहरुलाई अनुरोध गर्न तयार पारिएको अनुरोधपत्रको खाकाको घोषणा गर्‍यो ।

**अनुसूचिहरु :**
**अनुसूचि १**
**कार्यक्रममा उपस्थित प्रवुद्ध वर्गहरुको विचार एवं धारणा**

**१. अधिवक्ता रमन श्रेष्ठ, महासचिव, नेपाल वार एसोसिएसन**
देशमा दण्डहीनता व्यापक रुपमा झाँगीएको छ । यसमा सरकार आफै लागि परेको छ । उसले जनआन्दोलन २ का अपराधीहरुमाथि छानविन गर्न बनेको रायमाझी आयोगको प्रतिवेदन अहिलेसम्म सार्वजनिक गरी कारवाही गर्ने हिम्मत गरेको छैन । सार्वजनिक नभएका व्यक्तिहरुलाई संविधानसभाको निर्वाचनमा आयोगले दोषी भनी कसरी ठहर्‍याउने र सिफारीश कै आधारमा मात्र दोषी भन्न नमिल्ने भएको हुनाले कारवाहीको किनारामा ल्याउनुपर्छ । दण्डहीनता अन्त्यका लागि सशक्त रुपमा दवाव मूलक कार्यक्रमहरु ल्याउनु पर्छ र रोम विधान र यातना सम्बन्धी महासन्धिको ऐच्छिक आलेखको तुरुन्त अनुमोदन गर्नु पर्दछ ।

**२. प्रा.डा. शान्ता थपलिया,अध्यक्ष,ल्याक**
वर्तमान दण्डहीनताको स्थितिले भविष्यमा नेपालमा भयावह रुपमा मानव अधिकार र मानवीय कानुनको व्यापक र गम्भीर उल्लंघन हुन सक्ने सम्भावनाहरु अगाडि आइरहेका छन् । यस्तै मानवता विरुद्धको क्रियाकलापमा लाग्नेहरुको विरुद्धमा कारवाही अगाडि बढाउन रोम विधान र यातना सम्बन्धी महासन्धिको ऐच्छिक आलेख आएको हो । अतः नेपालले पनि यी दुवैलाई तुरुन्त अनुमोदन गर्नुपर्दछ । रोम विधानको अनुमोदनले मानवता विरुद्ध अपराधमा राज्यलाई उत्तरदायी बनाइ कार्यकारिणीहरु र राजनेताको विरुद्ध कारवाही चलाउन सकिन्छ । यातना सम्बन्धी महासन्धिको ऐच्छिक आलेखले बन्दी गृहमा भएका अमानवीय व्यवहारप्रति स्वतन्त्र निकायद्वारा छानविनको कारवाही अगाडि बढाउन अनुमति प्रदान गर्दछ । जसबाट घटनाबारे सत्य तथ्य उजागर हुन सहयोग पुग्दछ ।

**३. डा. सुन्दरमणि दीक्षित, नागरिक समाज**
नेपालमा ठूलठूला मानव अधिकार विरुद्धका अपराधहरु भएका छन् । अहिलेसम्म कसैले पनि सो अपराध गरेवापत दण्डसजाय पाउन सकेका छैनन् । अपराध गर्नेहरुले दण्ड पाउनु पर्छ भन्ने हाम्रो मान्यता रहेको छ । ऐतिहासिक कालदेखि नै अपराधीलाई दण्ड दिने चलन हाम्रो देशमा विद्यमा थियो तर जनआन्दोलन -२ मा सोझै गोली ठोक्न आदेश दिनेहरु कारवाहीमा परेका छैनन्, तिनलाई कारवाही गर्न सकिएको छैन । नेपालमा अहिले कानुनी शासन छैन्, कानुन विनाको देश भएको छ । भैरवनाथ गणको केसमा सरकारले अहिलेसम्म केही बोल्न सक्दैन । कारवाही गर्न सक्दैन । सरकार निरिह भएर बसेको छ । हामी सबैले विशेष सजगता अपनाउनुपर्छ, खवरदारी गर्नुपर्दछ, अपराधीहरुलाई नागरिकसामु उभ्याउनु पर्दछ ।

**४. कृष्ण गौतम, स्वतन्त्र जीवन केन्द्र,**
देश अहिले जातीयता, भाषा र वर्णको नाममा उत्पीडित भइरहेको छ । समाजमा घट्ने अपराध र त्यसमा संलग्न अपराधीलाई पत्ता लगाई न्यायको कठघरामा उभ्याउन सकिएको छैन । त्यस्ता अपराधीलाई पहुँचको आधारमा सजिलै छुट प्राप्त छ । उनीहरुलाई न्यायिक कठघरामा उभ्याउन नसकिञ्जेल न्यायको अनुभूति प्राप्त गर्न सकिदैन । सो प्राप्तिको लागि हामी अपांगहरु पनि संघर्षमा उत्रन तयार छौं ।

**५. कृष्ण पहाडी, वरिष्ठ मानव अधिकारवादी एवं अग्रज नागरिक समाज**
देशमा दण्डहीनता व्याप्त छ, नागरिक आन्दोलनबाट स्थापित भएको भनिएको सरकारले पनि मानव अधिकार उल्लंघनकर्तालाई कारवाही गर्न सकेको छैन । राजनीतिक इच्छा शक्ति विना दण्डहीनताको अन्त्य सम्भव छैन । अतः हामीले राजनीतिक शक्तिहरुलाई दवाव दिनुपर्छ । आन्दोलनबाट स्थापित भएको सरकारलाई दण्डहीनता अन्त्य गर्न यो महत्वपूर्ण मौका आएको छ । नेपाल सरकारले तत्कालै रोम विधान अनुमोदन गरी आफ्नो स्वच्छ छवि देखाउने सुवर्ण अवसर छ ।

**६. मा. रामजीवन सिंह, प्रतिनिधि, नेपाली कांग्रेस (प्रजातान्त्रिक)**
राज्यमा दण्डहीनता रहनु हुँदैन, मानवता विरुद्ध क्रियाकलाप गरेको भएमा म आफूसमेत दण्डभागी हुन तयार छु । लाहान देखि गौरसम्मको घटना दण्डहीनताको कारणले घट्न गएको हो । अपराधीहरु कसैलाई पनि छोडिनु हुँदैन । मानव अधिकारवादी संघसंस्थाहरुले गर्ने यस्ता दवावमूलक क्रियाकलापहरुमा हाम्रो पूर्ण समर्थन छ । १ वर्ष अगाडी संसद्ले रोम विधान अनुमोदनको लागि गरेको निर्देशनात्मक आदेश सरकारले हालसम्म अनुमोदन नगरेकोमा आश्चर्य लागेको छ ।

**७. सुशील प्याकुरेल, पूर्व सदस्य, राष्ट्रिय मानव अधिकार आयोग**
देशमा अहिले मानव अधिकारको रक्षाका लागि संघर्ष चलिरहेको छ । नयाँ नेपाल निर्माण गर्ने कुरा भइरहेको छ । तर, मानव अधिकारको वहाली विना नयाँ नेपाल त के पुरानो नेपाल पनि रहन सक्ने अवस्था छैन । संसद्ले निर्देशनात्मक आदेश जारी गरेको रोम विधानको अनुमोदन गर्न कसले बाधा पुऱ्यायो ? को बाधक बन्यो ? अब त्यसको सोधनी गर्नु आवश्यक भएको छ । राजनीतिक दलहरुमा सैन्यवादी चिन्तन हावी भएको हुनसक्छ । देशमा लोकतन्त्र स्थापना भएको भनिन्छ । सरकार र सांसद् पनि रोम विधान र यातना सम्बन्धी महासन्धिको ऐच्छिक आलेखको वेवास्ता गर्दैछन् । आठैदलमा सैन्यवादी चिन्तन हट्न सकेको छैन । सेना र प्रहरीमा लोकतान्त्रिक सुधार हुन सकेको छैन । मानव अधिकारको संरक्षण र सम्बर्द्धन तथा शान्ति र दीगो विकासको लागि दण्डहीनता अन्त्य पूर्वसर्त हुन्, सम्पूर्ण मानव अधिकारवादीहरु यसप्रति चिन्तित छन् । देशमा दण्डहीनता अन्त्यका लागि विशेष कदमहरु चालिनु पर्दछ । लोकतन्त्रमा पनि यसरी मानव अधिकारवादीहरुले मानव अधिकारको रक्षाका लागि धर्ना दिनु पर्ने, जुलुस गर्नुपर्ने अत्यन्त चिन्ताको विषय बनेको छ । यस्ता कार्यक्रमहरुमा धर्ना दिन आउनु पर्दा सबैभन्दा नरमाइलो लागेको छ । यसैगरी सम्पूर्ण मानव अधिकारवादीहरुले एकजुट भएर दण्डहीनता विरुद्ध लडीरहनु पर्दछ ।

**८. वरिष्ठ मानव अधिकारवादी नूतन थपलिया, सभापति, फोरिड**
सभ्य समाजको चासोका गम्भीर अपराधमा संलग्न दोषीलाई कारवाही गर्न स्थापित अदालतको विधान रोम विधान हो । यस अदालतले गम्भीर अन्तर्राष्ट्रिय फौजदारी अदालतमा संलग्न दोषीउपर कारवाही एवम् सजाय गर्दछ । त्यस्तै यातना विरुद्धको महासन्धिको ऐच्छिक आलेखले थुनुवा केन्द्र वा बन्दीगृहको अन्तर्राष्ट्रिय तथा राष्ट्रिय स्तरका स्वतन्त्र निकायद्वारा नियमित निरीक्षण गरी यातना तथा अन्य प्रकारका अपमानजक व्यवहारको रोकथाम गराउन मद्दत गर्दछ । यातना तथा अन्य अपमानजनक व्यवहारको घरेलु कानुनहरुद्वारा निषेध गरिएता पनि यसले निरन्तरता पाइरहेको छ । अन्तर्राष्ट्रिय समुदायको चासोमा रहेको गम्भीर अपराधमा संलग्न अपराधीलाई न्याय प्रक्रियाको दायरामा ल्याउन नसकिएको कारणले दण्डहीनता बढिरहेको छ । दण्डहीनताको अवस्थामा पद वा अन्य राजनीतिक बलका आधारमा व्यक्तिले मानवता विरुद्ध गम्भीर अपराध गर्दछन् । मानव अधिकार हनन गर्न उद्दत र सक्रिय रहन्छन् जसबाट कानुनी राजको अवधारणा ध्वस्त हुन जान्छ । अत: दोषीहरुलाई माफ नगर्नको लागि सरकारलाई दवाव दिन मानव अधिकारवादीहरु, यससँग चासो राख्ने अन्य संघसंस्था र प्रवुद्ध नागरिक वर्गले खवरदारी गर्नुपर्दछ । जनसाधारणलाई सचेत पार्दै शान्तिपूर्ण आन्दोलन गर्नुपर्ने हुन्छ । दण्डहीनता अन्त्यको लागि रोम विधान अनुमोदन लगायत मानव अधिकारका साझा मुद्दाहरुमा एकजुट भई दवाव सिर्जना गर्न देखाउन भएको साझा अभियानका लागि सबैप्रति आभार व्यक्त गर्दै धन्यवाद दिन चाहन्छु ।